भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

## हार्दिक अपिल

सिङ्गो विश्व समुदाय विगत ४ महिनादेखि कोरोना (कोभिड-१९) को महामारीसँग लडिरहेको छ। पछिल्लो समय नेपालमा पनि कोरोना महामारी तीब्र रूपमा बढिरहेको हामी सबैलाई विदित नै छ। कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि भरतपुर महानगरपालिकाले शुरू देखी नै उल्खनीय भूमिका खेलेको विदितै छ। पछिल्ला दिनमा भरतपुर महानगरपालिका क्षेत्रभित्र कोरोना रोगको संक्रमण उल्लेख्य रूपमा बढेको अवस्था छ। यसले कोरोना महामारी महानगरमा पनि समुदायस्तरमै फैलिन सक्ने संकेत देखा परेको छ। यस विषम परिस्थितिमा महामारीको रूपमा फैलिएको कोरोना संक्रमणलाई नियन्त्रण गर्दै आम नगरवासीलाई संक्रमणमुक्त बनाउनु हाम्रो प्रमुख कर्तव्य रहेको छ। कोरोना संक्रमणलाई प्रभावकारी व्यवस्थापनको लागि परीक्षण, कन्ट्याक ट्रेसिङ्ग र उपचार विधिलाई प्रभावकारी बनाउन बाध्यात्मक आवस्थामा पुनः निषेधाज्ञामै जानुपर्ने आवश्यकतालाई महशुस गर्दै जिल्ला प्रशासन कार्यालय चितवनले भरतपुर महानगर क्षेत्रभित्र लागु हुनेगरी मिति २०७७ साल श्रावण ३० गते शुक्रबार राति १२:०० बजेदेखि ७ दिनका लागि निषेधाज्ञाको घोषणा गरेको आदरणीय नगरवासीहरूलाई जानकारी गराउँदछु। यस निषेधाज्ञामा जिल्ला प्रशासन कार्यालय चितवनले तोकेका अत्यावश्यक सेवाहरूलाई बिहान ५:०० बजेदेखि ८:०० बजे र साँझ ५:०० बजेदेखि ८:०० बजेसम्म हुने गरी सञ्चालनको व्यवस्था गर्न गराउन सम्बन्धित सरोकारवालहरूलाई आग्रह गरिन्छ। यस निषेधाज्ञालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन सम्पूर्ण उद्योगी, व्यवसायी, सर्वसाधारणका साथै भरतपुर महानगरपालिकाका जनप्रतिनिधि तथा अन्य सम्वद्ध महानुभावहरूलाई संक्रमितहरूको पहिचान तथा कन्ट्याक ट्रेसिङ्ग लगायतका कार्यमा खटिई सहयोग गरिदिनुहन अनुरोध गर्दछु। यस अवधिमा महानगरपालिकालबाट अत्यावश्यक सेवा मात्र प्रदान हुने हुँदा आम नगरवासी तथा सेवाग्राही महानुभावहरूलाई यसै अपिल मार्फत् जानकारी गराउँदै एक हप्ता घरभित्रै रहन, कोरोना रोगको शंका लागेमा उच्च मनोबलका साथ सुरक्षा सावधानी अपनाई नजिकको स्वास्थ्य संस्था तथा वडा कार्यालयलाई जानकारी गराउनुभई परिस्थितिजन्य निषेधाज्ञालाई पूर्णरूपमा कार्यावन्यवन गरी सहयोग गरिदिनुहुन सम्पूर्ण भरतपुर महानगरवासीहरूलाई हार्दिक अपिल गर्दै देहायबमोजिमका क्रियाकलापहरु गर्नु गराउनुहुन अनुरोध गर्दछु। धन्यवाद!

**निशेधाज्ञामा सञ्चालन गर्न पाईने क्रियापकलापहरुः-**

- दमकल, एम्वुलेन्स, औषधि पसल, अस्पतालहरू, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, इन्धनका ट्यांकर, पशुपंक्षीका दाना ढुवानी गर्ने साधन, अत्यावश्यक काममा खटिने कर्मचारी, राजमार्गमा चल्ने मालबाहक सवारी साधन र अन्य अनुमति लिएका सवारी साधन, पेट्रोल पम्प (निर्वाध रुपमा)।
- दुध डेरी, फलफूल, तरकारी, पानी, खाद्यान्न पसल, ग्यास डिपो तथा अन्य अत्यावश्यक सेवा प्रवाह गर्ने निकायहरु तोकिएको समयबमोजिम।

**निशेधाज्ञामा सञ्चालन गर्न नपाईने क्रियापकलापहरुः-**

- शैक्षिक संघ संस्थाहरू, बैंक तथा वित्तीय संस्थाहरु
- सबै प्रकारका सभा, गोष्टी, तालिम, सेमिनारहरू
- सबै प्रकारका प्रदर्शन, भेला, सम्मेलन, चलचित्र भवन, पार्टी प्यालेस, डान्सबार, होटल रेष्टुरेन्ट तथा मनोरञ्जन स्थल, पुस्तकालय, स्वीमिङ पुल, जिमखाना, सपिङ मल, धार्मिक क्रियापकलाप, राजमार्ग तथा अन्य सडकहरूमा सवारी अनुमतिबिनाका सबै प्रकारका सवारी साधनहरु, उद्योग कलकारखाना, सबै प्रकारका पसलहरु।

मितिः- २०७७ साल श्रावण ३० गते।

(रेनु दाहाल)
नगर प्रमुख
भरतपुर महानगरपालिका

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

Scanned with CamScanner